कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur

Phone No. 035-450039,035-450296
Email:info@katarimun.gov.np
Website:www.katarimun.gov.np

कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal
EST. 2071

पत्र संख्या (Ref.No) :- ०७९/८०
चलानी नं. (Dispatch No.) :-

मिति (Date) :- २०८०/०३/१०

# "प्रेस विज्ञप्ती"

आज मिति २०८०/०३/१० गते आईतबार कटारी नगरपालिकाको ११औं नगर सभा सम्पन्न भयो । सभामा नगर उप प्रमुख श्री गीता खड्काले चालु आ.व.को समिक्षा सहित आगामी आ.व. को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुभयो । जसमा आ.व. २०७९/८० मा यस नगरपालिकाले आन्तरिक स्रोत तर्फ ज्येष्ठ मसान्त सम्म रु २ करोड ६८ लाख ३२ हजार ५ सय ५६ रुपैया ३९ पैंसा राजस्व संकलन गरेको छ र अ.ल्या तर्फ रु. ४ करोड ४१ लाख २० हजार ८ सय २८ रुपैया ७९ पैसा बाँकी रहेको थियो भने असार मसान्तसम्ममा रु. ३ करोड ८३ लाख ६० हजार संकलन गर्ने लक्ष्य राखेको बताउनु भयो ।

त्यस्तै आ.व २०७९/८० को ज्येष्ठ मसान्तसम्म व्यय तर्फको आन्तरिक स्रोत तर्फ (अ.ल्या.) ३ करोड ७० लाख ९४ हजार ७ सय ८ रुपैया २३ पैसा, सर्शत अनुदान तर्फ ३० करोड ६ लाख ८ हजार १ सय १७ रुपैंया ६१ पैसा, गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फ १ लाख ५० हजार, प्रदेश सरकारको सशर्त अनुदान तर्फ २२ लाख ९३ हजार ३ सय ९१ रुपैया, प्रदेश समानीकरण तर्फ ४० लाख २७ हजार ५ सय ८४ रुपैंया, प्रदेशको राजस्व बाँडफाँड तर्फ ८३ लाख १४ हजार ८ सय ९५ रुपैया, प्रदेश समपुरक अनुदान तर्फ २१ लाख ९ हजार १ सय ९१ रुपैया, संघीय वित्तीय समानीकरण तर्फ ८ करोड ७६ लाख ७५ हजार २ सय ९९ रुपैया, संघीय राजश्व बाँडफाँड तर्फ ९ करोड ३४ लाख २० हजार ९ सय ७७ रुपैया ९३ पैसा र संघीय समपुरक अनुदान तर्फ ७२ लाख ८ हजार १ सय ८८ रुपैया रकम गरी जम्मा रु. ५४ करोड २९ लाख २ हजार ३ सय ५१ रुपैया ७७ पैसा हालसम्म खर्च भई सकेको पेश गर्नु भयो ।

चालु आ.व. को खर्च विवरण पेश गरे लगतै आगामी आ.व. २०८०/८१ को आय तर्फ आन्तरिक आय तर्फ रु. ५ करोड ५५ लाख १८ हजार ५ सय, स्थानिय राजस्व बाडफाँड आय तर्फ रु. १ करोड ८७ लाख, संघीय वित्तीय समानीकरण अनुदान रु. १० करोड ९७ लाख, प्रदेश वित्तीय समानीकरण अनुदान तर्फ रु. ६६ लाख ३४ हजार, संघीय सशर्त अनुदान तर्फ रु. ४२ करोड ७४ लाख, प्रदेश सशर्त अनुदान तर्फ रु ५१ लाख ६१ हजार, संघीय सरकार समपुरक अनुदान तर्फ रु. १ करोड ७५ लाख, प्रदेश समपुरक अनुदान तर्फ रु. १ करोड ३० लाख, संघीय राजस्व बाडफाँड तर्फ रु. १५ करोड ६० लाख ८९ हजार, प्रदेश राजस्व बाडफाँड तर्फ रु. २ करोड १३ लाख ७६ हजार रुपैया र संघीय विशेष अनुदान तर्फ रु. ७६ लाख गरी जम्मा अनुमानित आय रु. ८३ करोड ८६ लाख ७८ हजार ५ सय रुपैया मात्रको अनुमाति बजेट रहेको जानकारी गराउनु भयो ।

कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्था. २०७१

Phone No. 035-450039,035-450296
Email:info@katarimun.gov.np
Website:www.katarimun.gov.np

कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal
EST. 2071

पत्र संख्या (Ref.No) :– ०७९/८०
चलानी नं. (Dispatch No.) :–

मिति (Date) :- २०८०/०३/१०

अन्त्यमा यस नगरपालिकाको आगामी आर्थिक वर्षको कुल बजेट ८३ करोड ८६ लाख ७८ हजार ५ सय रुपैया मध्ये सशर्त अनुदान तर्फ सङ्घ तथा प्रदेश सरकारले कार्यक्रम नै तोकेर रु. ४३ करोड २५ लाख ६१ हजार विनियोजन गरी पठाएको छ भने बाँकी ४० करोड ६१ लाख १७ हजार ५ सय रुपैयालाई विषयक्षेत्रगत रुपमा विनियोजन गरिएको छ । जसमा आर्थिक विकास क्षेत्रमा रु. १ करोड ४२ लाख, सामाजिक विकासको क्षेत्रमा रु. ४ करोड ८७ लाख ५० हजार, पूर्वाधार विकासमा रु. ७ करोड ४८ लाख त्यस्तै वन, वातावरण तथा विपद् व्यवस्थापको क्षेत्रमा रु. ६४ लाख र सुशासन तथा संस्थागत विकास क्षेत्रको लागि रु. २६ करोड १९ लाख ६७ हजार ५ सय रुपैया बजेट विनियोजन गरेको जानकारी गराउदै विभिन्न पाँचवटा क्षेत्रगत नीति अन्तर्गत पन्ध्रवटा उप क्षेत्रका करिब १०० वटा नीतिहरु समेत पेश गर्नुभयो । साथै नगर उप प्रमुखले नगरको दीर्घकालीन सोच लक्ष्य, उद्देश्य र रणनीति पनि सार्वजनिक गर्नु भयो ।

नगरका प्रमुख प्रशासकीय अधिकृत श्री अनिल किरातीले सञ्चालन गरेको नगर सभामा नगरका विभिन्न विषयगत समितिका संयोजकहरुले चालु आ.व. मा भएको विषयक्षेत्रगत प्रगति विवरण प्रस्तुत गर्नु भयो । सभाको अन्त्यमा नगरका नगर प्रमुख तथा नगर सभाका अध्यक्ष श्री राजेश चन्द्र श्रेष्ठले सभामा पेश भएको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा प्रतिबद्धता जनाउदै नगर सभाका सदस्य, पत्रकार र कर्मचारीहरुलाई धन्यवाद दिई सभा समापन गर्नु भयो ।

प्रेम बहादुर थापाक्षेत्री
प्रवक्ता
मिति २०८०/०३/१०